केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/२७/०७५/७६                मितिः २०७६/०३/३०

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकवाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७५ का विभिन्न इ.प्रा. निर्देशनहरुमा देहायबमोजिमको संशोधन/परिमार्जन गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. हालै आएको बाढी तथा पहिरोका कारण २०७६ असार मसान्तसम्ममा तिर्नु पर्ने साँवा, ब्याज एवम् किस्ता रकमको भुक्तानीमा पर्ने कठिनाईलाई मध्येनजर गर्दै यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७५ को इ.प्रा.निर्देशन नं. ४/०७५ को बुँदा नं. ३ को खण्ड (ख) को उपखण्ड (अ) मा रहेको **आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र प्राप्त भएको ब्याज रकम** नियमनकारी कोषमा जम्मा गर्नु नपर्ने भन्ने व्यवस्थाको समयावधि आ.ब. २०७५/७६ को वित्तीय विवरण तयार गर्ने प्रयोजनका लागि मात्र थप गरी **आर्थिक वर्ष समाप्त भएको १ महिनाभित्र** कायम गरिएको छ।

**२. इ.प्रा.निर्देशन नं. १७/०७५ को बुँदा नं. १७ को उपबुँदा नं.१ र उपबुँदा नं. २ को खण्ड (क) लाई देहायबमोजिम संशोधन गरिएको छ।**

**(१) न्यूनतम कर्जा प्रवाह :**

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैक तथा वित्तीय संस्थाहरुले प्राथमिकताप्राप्त क्षेत्रमा आफ्नो कुल कर्जा तथा सापटको न्यूनतम क्रमशः २५ प्रतिशत, १५ प्रतिशत र १० प्रतिशत कर्जा **२०७६ असारमसान्तसम्ममा** प्रवाह गर्नु पर्नेछ। "क" वर्गको वाणिज्य बैंकहरुले यसमध्ये कृषिमा १० प्रतिशत र उर्जा तथा पर्यटन क्षेत्रमा १५ प्रतिशत कर्जा प्रवाह गर्नु पर्नेछ।

**(२) अनुगमन तथा हर्जाना :**

(क) यस व्यवस्था अनुसार कर्जा प्रवाह नगरेमा वा कम प्रवाह गरेमा न्यूनतम रुपमा पुऱ्याउनु पर्ने रकममा हुन आउने नपुग रकममा **२०७६ असारमसान्त**देखि नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८१ बमोजिम सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले सो गणना अवधिमा कर्जामा लिने अधिकतम ब्याजदरले हुने रकम हर्जाना लगाइनेछ। यसरी हर्जाना लगाउँदा त्यस्तो नपुग रकमको त्रैमासिक रुपमा हुन आउने ब्याज रकम निर्धारण गरी सोही बराबरको रकम हर्जाना कायम गरिनेछ।

**३. इ.प्रा. निर्देशन नं. २१/०७५ को बुँदा नं ८ र ९ लाई देहायबमोजिम एकीकृत तथा संशोधन गरी क्रमसंख्या मिलान गरिएको छ।**

**८ सेवा शुल्क सम्बन्धी व्यवस्था**

बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्दा देहायका व्यवस्थाहरुको अधीनमा रही प्रशासनिक सेवा शुल्क, अग्रिम भुक्तानी शुल्क तथा प्रतिबद्धता शुल्क लिन सक्नेछन्।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(क) कर्जा नीति निर्देशिका (Credit Policy Guidelines) तथा कुनै पनि प्रकारको Product Paper मा प्रशासनिक सेवा शुल्क, अग्रिम भुक्तानी शुल्क तथा प्रतिवद्धता शुल्क सम्बन्धी व्यवस्था स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ।

(ख) कर्जा प्रवाह गर्दा लिने प्रशासनिक सेवा शुल्क, अग्रिम भुक्तानी शुल्क र प्रतिवद्धता शुल्क बाहेक कर्जासँग सम्बन्धित सम्पूर्ण शुल्कहरु व्याजदरमा नै प्रतिबिम्वित हुनु पर्नेछ।

(ग) कर्जा प्रवाह गर्दा लिने प्रशासनिक सेवा शुल्क, अग्रिम भुक्तानी शुल्क र प्रतिवद्धता शुल्कको दर, प्रक्रिया तथा गणना विधिको सम्बन्धमा कर्जा सम्झौतापत्रमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ।

(घ) बैंक तथा वित्तीय संस्थाले एकै प्रकारका कर्जा प्रवाह गर्दा विभिन्न ग्राहकसँग लिने प्रशासनिक सेवा शुल्क, अग्रिम भुक्तानी शुल्क र प्रतिबद्धता शुल्कमा ०.२५ प्रतिशत बिन्दु भन्दा बढीले फरक पार्न पाइने छैन।

(ङ) ग्राहकले कर्जाको लागि निवेदन दिए पश्चात् कर्जा स्वीकृतिको प्रक्रिया आरम्भ गर्दाको वखत प्रशासनिक सेवा शुल्क लिन सक्नेछन्। तर, कर्जा अस्वीकृत भएको अवस्थामा यस्तो शुल्क ग्राहकको खातामा फिर्ता गरिदिनु पर्नेछ।

(च) इजाजतपत्र प्राप्त संस्थाले आफ्ना ग्राहकहरुलाई अन्य संस्था/निकाय मार्फत सेवा लिने सन्दर्भमा सो सेवा वापत त्यस्ता संस्था/निकायहरुलाई भुक्तानी गर्नुपर्ने लागत भन्दा वढी हुने गरी सेवा शुल्क असुल गर्न पाइने छैन।

(उदाहरणको लागि ग्राहकको सम्बन्धमा कर्जा सूचना प्राप्त गर्दा वा कालोसूचीमा सूचीकृत गर्दा वा सो सूचीबाट हटाउँदा लिइने शुल्क कर्जा सूचना केन्द्रले लिने शुल्क भन्दा बढी हुने गरी असुल गर्न पाइने छैन। त्यसैगरी एटीएम प्रयोग वापत लिईने शुल्क, विभिन्न कार्डहरुमा लिइने शुल्क, धितो मूल्यांकन वापत लिइने शुल्क, वीमा शुल्क लगायतका शुल्कहरु सेवा प्रदायकले लिने भन्दा बढी हुने गरी लिन पाइने छैन। त्यसैगरी, मौज्दात रकम प्रमाणित गर्दा लाग्ने शुल्क लागत भन्दा बढी हुने गरी लिन पाइने छैन।)

तर इलेक्ट्रोनिक माध्यमबाट हुने चेक क्लियरिङ्गका सम्वन्धमा रु दुई लाख भन्दा कम रकमको चेक क्लियरिङ्ग कारोबारमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले आफ्ना ग्राहकहरुसँग कुनै किसिमको शुल्क लिन पाइने छैन।

(छ) ग्राहकले आफ्नो स्वीकृत कर्जा सीमाको वार्षिक औसत ६० प्रतिशतभन्दा कम रकम उपयोग गरेमा कम हुने रकममा मात्र निश्चित दरले प्रतिवद्धता शुल्क लिन सक्नेछन्। यस्तो शुल्क अग्रिम रुपमा लिन पाइने छैन। आवधिक कर्जाको हकमा स्वीकृत कर्जा सीमाभन्दा कम उपयोग गरेको अवस्थामा कम उपयोग गरेको रकममा मात्र एकपटकका लागि प्रतिबद्धता शुल्क लिन सकिनेछ।

(ज) रु. ५० लाखसम्मको सीमा कायम भएको जुनसुकै प्रकारको कर्जा भुक्तानी गर्दा अग्रिम भुक्तानी शुल्क लाग्ने छैन। सो सीमाभन्दा बढीको कर्जाको हकमा कर्जा लिंदाको बखत

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

तोकिएको शर्त वा व्याजदर थप/परिवर्तन भएको कारण अग्रिम रुपमा कर्जा चुक्ता गर्न चाहेमा त्यस्तो अग्रिम भुक्तानी गरे वापत कुनै किसिमको शुल्क लिन पाइने छैन ।

(झ) परियोजना कर्जाको हकमा कर्जा लिदाको बखत ऋणीसँग गरिएको सम्झौतामा उल्लेखित व्याजदर लगायतका अन्य शर्तहरु ऋणीको सहमति विना बैंकले एकतर्फी रुपमा थप/परिवर्तन गरेको कारणले ऋणीले कर्जा अग्रिम रुपमा चुक्ता गर्न चाहेमा त्यस्तो अग्रिम भुक्तानी वापत कुनै किसिमको शुल्क लिन पाइने छैन ।

भवदीय,

(बम बहादुर मिश्र)
का.मु.कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(१०)श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।
(११)श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर ।
(१२)श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।